नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

# अत्यन्त जरुरी सूचना

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि "विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम/कारोबार (हुण्डी) गरेको वा सङ्कलित रकम नेपाल नपठाएको" गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय र सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने व्यवस्था भएबमोजिम यस राजदूतावासले नियमित रूपमा राजदूतावासमा प्राप्त त्यस्ता सूचना तथा तथ्याङ्कहरू परराष्ट्र मन्त्रालयमा पठाउँदै आएको छ।

यसबाट दक्षिण कोरियालगायतका मुलुकहरूबाट औपचारिक रूपमा नेपाल पठाइने विप्रेषण निरन्तर रूपमा बढ्ने क्रममा रहेको र यसबीचमा केही शङ्कास्पद कारोबार तथा हुण्डीसम्बन्धी विषयमा विदेशस्थित नेपाली नियोगहरूबाट पठाइएका जानकारी/सूचनाका आधारमा नेपाल राष्ट्र बैङ्क र सम्बन्धित अनुसन्धान निकायहरूद्वारा थप अनुसन्धान भइरहेको जानकारीसमेत यस राजदूतावासमा प्राप्त भएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२ चैत्र १३ मा स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुदाँ ४५ मा Integrated Digital Asset Registry को स्थापना गर्ने, सोमा जोखिममा आधारित सङ्केत (Risk-Based Red Flag) प्रणाली लागु गर्ने तथा सन्देहात्मक कारोबारहरूको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसंन्धान प्रक्रिया अगाडि बढाउने उल्लेख भएको र सोबमोजिमको कार्य अगाडि बढिसकेको छ।

अतः दक्षिण कोरियामा रही कोही कसैले अनौपचारिक रूपमा विप्रेषण (हुण्डी) को काम/कारोबार नगर्नु, नगराउनुहुन र यदि कसैले त्यस्तो काम/कारोबार गरेको भए त्यस्तो कार्य गर्ने, गराउनेको विवरण प्रमाणसहित यस राजदूतावासमा जानकारी गराई अनौपचारिक रूपमा हुने विप्रेषण (हुण्डी) लाई रोक्ने कार्यमा सहयोग गर्नुहुन सम्बन्धित सबैसँग पुनः अनुरोध गरिन्छ।

नेपाली राजदूतावास, सउल
वि.सं. २०८२ चैत्र १७

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]